# कृषि विकासका लागि भूमिसुधार

■ जगत देउजा*

## परिवेश

झण्डै ५ लाख नेपाली परिवारसँग घर बनाउने र खेती गर्ने जग्गा छैन (विली २००९)। अर्को १० लाख परिवारसँग नाम मात्रको जग्गा छ (राष्ट्रिय जनगणना २०५८) जुन कतिपय घरबासकै लागि पनि असुरक्षित र अपर्याप्त छ। गाउँमा बस्ने चौथाई नागरिक भूमिहीन छन् (२९ प्रतिशत भूमिहीनता, नेपाल मानव विकास प्रतिवेदन २००५)। करिब ७ लाख किसान परिवार अरूको न्यून आकारको जग्गामा श्रम गरेर बाँचिरहेका छन् (साआसेके २००९)। यिनीहरूमा दलित, जनजाति र महिला सबभन्दा बढी छन्। भूमिहीनताका कारण नागरिकहरू कमैया, हलिया, हरुवाचरुवा, कम्लरी, खेताला बन्नुपरेको छ।

भूमिको असमान एवम् अन्यायपूर्ण वितरणका कारण जमिनको ठूलो हिस्सा गैरकृषि क्षेत्रमा कार्यरत आफ्नो साँध-सिमानासमेत नचिन्नेको हातमा छ। यसको ठीक विपरीत रात दिन जमिनमा काम गर्ने र जीविकाको प्रमुख आधार जमिन मात्र भएका जोताहा किसान भने भूमिको स्वामित्वबाट वञ्चित छन्। नेपाल मानव विकास प्रतिवेदन २००४ अनुसार नेपालमा माथिल्लो धनी ५ प्रतिशत परिवारसँग झण्डै ४० प्रतिशत खेतियोग्य जमिन छ।

राष्ट्रिय कृषिगणना २०५८ ले ०.१ हेक्टरभन्दा कम भूस्वामित्व हुने परिवारलाई भूमिहीन कृषक मानेको छ। यसैगरी ०.१ हेक्टरदेखि ०.३ हेक्टरसम्म भूस्वामित्व भएका परिवारलाई सीमान्त कृषक परिवार, ०.३ हेक्टरदेखि ०.५ हेक्टरसम्म भूस्वामित्व भएका परिवारलाई साना कृषक परिवार, ०.५ हेक्टरदेखि ३ हेक्टरसम्म भएका परिवारलाई मध्यम कृषक परिवार, ३ हेक्टरदेखि १० हेक्टरसम्म भूस्वामित्व भएका परिवारलाई ठूला कृषक परिवार र १० हेक्टरभन्दा बढी भूस्वामित्व भएका परिवारलाई धेरै ठूला कृषक परिवारका रूपमा लिइएको छ। यसरी गरिएको वर्गीकरणअनुसार भूमिहीन कृषक परिवारहरूको संख्या झण्डै ३ लाख रहेको देखिन्छ।

## अरूको जमिन जोत्नुपर्ने बाध्यता

भूमिहीन कृषक परिवारको जिविकाको कुनै ठोस आधार छैन। यस्तै सीमान्तकृत किसान परिवारमा ज्यादै थोरै भूस्वामित्व रहने भएकाले

* *लेखक सामुदायिक आत्मनिर्भर सेवा केन्द्रमा आवद्धभई भूमि अधिकारको क्षेत्रमा काम गर्नुहुन्छ।*

आफूले उत्पादन गरेको खाद्यान्नले ३ महिनासम्म पनि जीवन निर्वाह गर्न पुग्दैन । यसर्थ उनीहरू जीविकाको लागि अरूको जग्गा जोत्ने गर्दछन् । यस्ता परिवारमध्ये धेरैजसो विपन्न दलित तथा आदिवासी जनजाति छन् । भूमिहीन किसानहरूको सामाजिक सशक्तीकरण कमजोर भएका कारण जग्गाधनीहरूसँग सीधै विरोध गर्न नसक्ने हुँदा बाध्यतावश विभिन्न शोषणयुक्त श्रमसम्बन्ध राख्न, न्यून ज्यालामा पनि श्रम गर्न र चर्को व्याजमा ऋण लिन पनि तयार भएका देखिन्छन् । नेपालको जीवनस्तर सर्वेक्षण २००३/०४ का अनुसार ७ प्रतिशतले अरूको मात्र जमिन जोत्छन् । आफ्नो पनि जोत्ने, अरूको पनि जमिन मोहियानीमा जोत्ने किसान परिवार ३१ प्रतिशत छ ।

## नेपालमा मोहीको स्थिति

| क्षेत्र | आफ्नै जमिन भएको घरधुरीको प्रतिशत | जमिन अरूलाई जोत्न दिने घरधुरीको प्रतिशत | मोहियानीमा जमिन जोत्ने धुरीको प्रतिशत | अरूको मात्र जमिन जोत्ने मोही धुरीको प्रतिशत |
|---|---|---|---|---|
| नेपाल | ९२.७ | ७.४ | ३१.४ | ७.३ |
| उच्च पहाड | ९८.१ | ७.१ | २५.४ | १.९ |
| पहाड | ९६.६ | ६.९ | २३.३ | ३.४ |
| तराई | ८७.६ | ७.९ | ४१.३ | १२.४ |
| सहर/गाउँ | | | | |
| सहर | ९१.२ | १०.७ | २८.० | ८.८ |
| गाउँ | ९२.८ | ७.१ | ३१.७ | ७.२ |

*स्रोत : CBS 2004. Nepal Living Standards Survey 2003/04 Statistical Report Vol 2. p.12*

भूमिसुधारले बेदर्ताका मोही र कमैया/हलिया/हरवालाई खेतखलीहानमा गएर जोतभोगका आधारमा वास्तविक जोताहा मोहीका रूपमा दर्ता गरिदिने व्यवस्था गर्नुपर्छ र उनीहरूलाई जग्गाको अधिकार दिनुपर्दछ ।

जीविका धान्नका लागि कृषिकार्यमा दैनिक ज्याला लिई खेतालाका रूपमा श्रम गर्ने कामदार वा निश्चित शर्तमा आवधिक रूपमा कृषि पेसामा पूर्णरूपमा वा अर्धरूपमा आश्रित कामदार कृषि श्रमिक हुन् । यस्ता कृषि श्रमिकहरू प्रायः घरबासविहीन छन् । उनीहरूको ज्याला पनि निश्चित भएको पाइँदैन । यसमा पनि महिलाले पुरुषभन्दा कम ज्याला पाउने गर्छन् । लामो अवधिका कृषिश्रमिकहरू प्रायः बधुँवारूपमा संलग्न रहेका समेत पाइएका छन् । यसरी भूमिको अधिनत्व हुने खेती नगर्ने र अधिनत्व नभएका जिन्दगीभर खेतीपातीमा खटिने परिस्थितिले कृषिक्षेत्रको विकास हुन सकेको छैन । यो नै कृषि क्षेत्रको मुख्य बाधक हो । यस समस्यालाई हल नगरी कृषिको

समस्यालाई पनि हल गर्न सकिँदैन । १० लाखभन्दा बढी असङ्गठित क्षेत्रका मजदुरलाई राज्यले मान्यता दिँदै आधिकारिक परिचयपत्र, सङ्गठनको हक, सामूहिक सौदाबाजीको हक, मानवोचित ज्याला दिलाउनु पनि भूमिसुधारको महत्वपूर्ण कार्य हुनुपर्छ ।

**बन्धनमा जीवन**

*नवलपरासी जिल्ला, पाली ९ बरम्पुरा । सदरमुकाम परासीबाट २ किलोमिटरको दूरीमा रहेको गाउँ कालेपत्रे सडकदेखि ५ मिनेटमै आइपुग्छ । ५४ घरको बस्तीमा दलित लगभग सबै नै जग्गाविहीन छन् । कौशिल्या हरिजनको मात्र सबभन्दा बढी १ कठ्ठा जग्गा छ, जहाँ उनको घर छ । १९ परिवारको एक धुर जग्गा छैन । विन्दा शाहनीलाई घर पुग्न अरूको जग्गाबाट हिँड्नुपर्ने भएकाले सास्ती छ । अन्न उब्जाउने जमिन कसैको छैन ।*

*उनीहरूसँग गोरु नभएकाले बटैया (अरूको जग्गा कमाउने) गर्न पनि पाउँदैनन् । गाउँका २ घरले बटैया गर्छन तर ७ किमी टाढाको गाउँमा । ज्यालामा काम पाउन पनि गाह्रो छ । विहारको कामदारलाई बिहानदेखि राति अबेरसम्म काम लगाउन पाइने भन्दै ३ छाक खाना दिएर १६० दिन्छन् तर स्थानीयलाई ८० देखि ९० रुपैयाँ मात्र ।*

*यिनीहरूमध्ये केही परिवार धान्न रिक्सा चलाउँछन् । रिक्सा आफ्नो हैन । ईंट उद्योगमा सिजनमा काम गर्न पाउँदा उनीहरुलाई केही राहत महसुस हुन्छ । काम होलो भएर हैन । कम्तीमा काम पाइयो भनेर । रामपती हरिजनको घरमा १५ जना छन् । यो परिवार पाल्न उनीहरुले काम पाउँदा ३ वटासम्म मेलो भ्याउँदा रहेछन् । चर्पी बनाउन जग्गा छैन । ऐलानी जग्गामा दिसापिसाब गर्न पनि जमिनदारले गाली गर्न थालेको छ । हावाले उडाएर उसलाई गनायो रे । ऐलानी जग्गा पनि हुनेखानेले नै ओगटेका छन् ।*

*सय कडा मासिक दश प्रतिशत ब्याज छ । पत्याउनै गाह्रो । १० हजार लिएको हो । अब बुझाउँदा २२ हजार बुझाउने कागज गरेकी छु । बेटीको बिदाइ गर्न लिएको । अर्को वर्ष बुझाउँनुपर्दछ । छलफलमा आएकी एक दिदीले भनिन् । नवलपरासी जिल्ला, कुश्मा ४ परसियाकी अनामिका हरिजन गाउँमा, ८ प्रतिशत मासिक ब्याज दिने गरेको बताउँछिन् । बहस केन्द्रकी सहयोगी उनीले विवाह, रीतिरिवाज, बिरामी हुँदा र विदेश काममा जान लिने ऋणमा चर्को ब्याज तिर्नुपर्ने बताउँछिन् ।*

## अलपत्र भूउपयोगः जिम्मेवारी कसको ?

राष्ट्रिय कृषिगणना, २०५८ अनुसार सम्पूर्ण कित्ताले ओगटेको क्षेत्रफल २६,५३,९०० हेक्टर रहेको देखिन्छ । यसमध्ये करिब ९४ प्रतिशत (२४,९७,७०० हेक्टर) कृषि क्षेत्रमा र बाँकी करिब ६ प्रतिशत (१,५६,३०० हेक्टर) गैरकृषि क्षेत्रमा भूमिको उपयोग भएको देखिन्छ । कृषि क्षेत्रमा उपयोग भएको भूमिमध्ये करिब ९४.४ प्रतिशत खेतीपातीमा, ४.७ प्रतिशत स्थायी बालीबिरुवामा, ०.८ प्रतिशत चरनमा र ०.१४ प्रतिशत पोखरी तालतलैयाहरूमा रहेको देखिन्छ । गैरकृषि क्षेत्रमा

उपयोग भएको भूमिमध्ये करिब २३.८ प्रतिशत वन जंगल र ७६.२ प्रतिशत जग्गा 'अन्य' उपयोगमा रहेको देखिन्छ ।

कृषियोग्य भूमि २०१८ देखि २०५८ सम्मको अवधिमा बढेको देखिन्छ । स्थायी बाली हुने जग्गा २०३८ देखि २०५८ सम्म ४२.५ हजार हेक्टरबाट १९.७ हजार हेक्टरमा झरेको देखिन्छ । गैरकृषितर्फ २०१८ मा ५९ हजार हेक्टरबाट २०५८ मा आइपुग्दा १५६.३ हजार हेक्टर भएको पाइन्छ । कृषिभूमि वर्षेनि बढ्दै गएको देखिए तापनि कृषिभूमिको क्षेत्रफलमध्ये कति प्रतिशतमा खेती भइरहेको छ भन्ने कुराले मात्र खाद्य सुरक्षामा यसले कति योगदान गर्छ भन्ने कुराको निर्धारण गर्दछ ।

स्पष्ट र उद्देश्यमुखी भूउपयोग योजनाको अभावमा जग्गाबाट पाउनुपर्ने उत्पादन मात्र नपाइने हैन कि भूमि र उत्पादन क्षमतासमेत ह्रास हुने हुन्छ । अहिले भूउपयोगको व्यवस्थित नीति र कार्यक्रम छैन । जसलाई जे गर्न मन लाग्छ, त्यसो गर्न कुनै रोकावट छैन । खेती गर्न उपयुक्त ठाउँमा घर वा उद्योग बनाइएका छन् । घर बनाउन उपयुक्त ठाउँमा खेती गरिएका छन् । बालीनालीमा जोड दिनुपर्ने तराईमा फलफूल र फलफूल खेतीमा जोड दिनुपर्ने पहाडमा बालीनालीमा जोड दिइएको छ । ठूलो मात्रामा रहेको बाँझो सडक किनारा, ऐलानी, पर्ती, नदी उकास आदि जग्गा कसरी उपयोग गर्ने भन्नेबारे ठोस नीति र योजना भेटिँदैन । कुल कृषियोग्य जमिनको २० प्रतिशत अर्थात् ५ भागको एक भाग जमिन अहिले पनि बाँझो छ । यो जग्गाको उपयोगमा कुनै व्यवस्थित सोच र योजना अभाव छ । समयानुकूल भूउपयोग नीति र योजनाको आवश्यकता खड्किएको छ । प्रभावकारी भूउपयोग नीति नभएका कारण जग्गाको अतिक्रमण र खण्डीकरण बढिरहेको छ ।

कुल खेतीयोग्य जग्गाको २० देखि २३ प्रतिशत जग्गा त्यत्तिकै बाँझो रहेको तथ्याङ्कलाई हेर्दा यस्ता जग्गा वास्तविक भूमिहीन किसान एवं गरिब किटानी गरी सामूहिक व्यवस्थापनको लागि दिन सके त्यत्तिकै खेर गइरहेको जमिनमा अरबौं आम्दानी हुनेछ । यसले गरिबी निवारणमा समेत महत्वपूर्ण भूमिका खेल्न सक्दछ । यसका लागि अहिले विद्यमान कानुन तथा नीतिहरू गोलमोटल छन् । सार्वजनिक तथा सरकारी जग्गाको प्रयोगसम्बन्धी छुट्टै नीति तयार पारी स्थानीय निकायलाई यस्तो कामको जिम्मा दिएमा यो काम असम्भव छैन् । सधैं अरूका अगाडि हात पसार्नुभन्दा आफ्नै खेर गइरहेको स्रोत प्रयोग गर्नेतर्फ गरिबी निवारण कोष, राष्ट्रिय योजना आयोग तथा स्थानीय विकास, भूमिसुधार, वन मन्त्रालयले संयुक्त रूपमा बसेर उचित कदम उठाउन ढिला भइसकेको छ ।

स्थानीय तहमा त्यत्तिकै प्रयोगविहीन भएर रहेका यस्ता अनेकन स्रोत छन् । जसको प्रयोगबाट स्थायी तवरले आम्दानी बढाउन सकिन्छ । कुन जग्गामा के खेती गर्ने भन्ने विषयमा भूबनोटका आधारमा स्थानीय ज्ञानलाई समेटेर निर्णय लिन सकिन्छ । स्थानीय निकाय, सामाजिक संघसंस्था र समुदायमा आधारित समूह परिचालन गरी प्रयोगविहीन जग्गाको यकिन लगत तयार पारी निश्चित जग्गा सार्वजनिक प्रयोगको लागि छुट्याई अरू जग्गा प्रयोगको कानुनी अधिकार दिने गरी उपयोगमा ल्याए देशभरका भूमिहन तथा गरिब किसानलाई स्रोतको मालिक बनाउन सकिन्छ । हामीकहाँ खेर गइरहेको जग्गा असाध्यै धेरै छ र यसको समुचित प्रयोग नहुँदा पहुँचदार व्यक्तिले हडप्दै गएका छन् । यसले खाद्यान्न उपलब्धतामा सहजताको साथै सामाजिकस्तर उठाउन पनि मद्दत पुग्नेछ ।

उजाड जमिनमा रुखजन्य खेतीपाती र पोखरीको संरक्षणले त्यहाँको हावापानीमा पनि सकारात्मक प्रभाव पर्दछ । नदी उकासमा रहेका सयौं हेक्टर जग्गामा बोटबिरुवा लगाउन सके नदी कटान रोक्न त सहयोग पुग्छ नै, त्यही मरुभूमि जस्तो लाग्ने सुख्खा जग्गाबाट लाखौंको आम्दानी समुदायले गर्न सक्छन् । वास्तविक गरिब पहिचान गरी निश्चित र सहज नियमअनुसार सामूहिक खेतीका लागि गरिबलाई जग्गा दिनका अरू पनि फाइदा छन् । यसले व्यक्तिगत अतिक्रमणबाट जग्गा जोगिनेछ । सामूहिकताको संस्कार बढ्छ । स्रोतका आधारमा गरिने शोषण र अन्याय कम हुन्छ । स्थानीय निकायसँग मिलेर काम गर्नुपर्ने भएकाले ती निकायमा उनीहरूको पहुँच बढ्छ । यो गरिबी निवारणको दिगो आधार पनि बन्छ ।

## खाद्य अधिकारका लागि भूमिसुधार

संयुक्त राष्ट्र सङ्घको एक तथ्याङ्कअनुसार नेपालमा हरेक रात ३४ लाख मानिस भोकै सुत्छन् । यी ती ५५ लाख अभागीमध्ये पर्छन्, जो आफ्नो जीविका चलाउनका लागि दैनिक ७५ रुपियाँ पनि खर्च गर्न सक्दैनन् । नेपालको सन्दर्भमा गरिबीको रेखामुनि बाँचिरहेका भनिने यी परिवार बाँच्नकै लागि कठिन सङ्घर्ष गरिरहेका छन् । उनीहरूमा खाद्यान्नलगायत अन्य दैनिक उपभोग्य वस्तुहरु खरिद गर्न सक्ने क्षमता छैन् ।

उत्पादनको मुख्य साधनको सही उपयोग नहुनु बढ्दो भोकको प्रमुख कारण हो । भूमिको असमान वितरणका कारण किसानसँग जग्गा नहुने नमीठो यथार्थ छ । अधिकांश खेतवारीमा मजदुरी गर्ने मेहेनती किसान वा कृषि श्रमिक आफ्नै जमिन नहुनाले खाद्यवस्तुको उत्पादनमा सबभन्दा बढी लागे पनि आफू भने पेटमा पटुका कसेर बाँचिरहेको छ ।

गरिब तथा सीमान्तकृत समूहको लागि पर्याप्त खाद्यको अभाव मूलतः भूमिमा पहुँचसँग जोडिएको छ । पश्चिमी क्षेत्रका पूर्व बँधुवा मजदुर, कमैयाहरूलाई केही भूमि पुनःवितरणको प्रयास भए पनि ती आवासमै मात्र केन्द्रित छन् । समयसमयमा सुकुम्बासीलाई जग्गा दिँदा पनि घडेरीका लागि त्यो पनि असुरक्षित स्थानमा दिइएको छ । खाद्यान्न उत्पादनको लागि आवश्यक जग्गा दिइएको छैन ।

अरूको जग्गा कमाएर खाइरहेका मोहीको जग्गा खोस्ने क्रम तीव्र हुँदै जाँदा खानाको अभाव बेहोर्नेको संख्या बढेर गएको छ । मुक्तिको कागजी हल्लाले हलिया, हरुवा-चरुवा, कृषिश्रमिक आदि खेतीको कामबाट वञ्चित हुँदै गएका छन् तर अर्को उचित रोजगारी छैन । परम्रागत सीप र पेसा आधुनिकतासँगै गुमाउन पुगेका दलित समुदायसँग न आज पेसा छ, न जमिन । अधिकांश महिलाको जग्गा जमिनमा अधिनत्व नभएकाले महिलाहरु पुरुषभन्दा बढी भोक सहन बाध्य छन् ।

भोक ज्यादा खेप्ने अर्को समुदाय आदिवासी समुदाय हो । जग्गादर्ताको समयमा भएका अनेकन जालसाजी र राज्यको संरक्षित क्षेत्र विकासको योजनाबाट आदिवासी समुदायहरु परम्परागत वा सांस्कृतिक रूपमा उपयुक्त खाद्यको उपभोगमा वञ्चित हुन पुगेका छन् । जमिनबाहेक वन्यस्रोत माथि अत्यधिक निर्भर यो समुदाय वनको अधिकारबाट वञ्चित भएपछि झनै भोक सहन बाध्य छन् तर अहिले पनि सरकारी प्रयास भने जमिन र वनबाट अलग्याएर अन्य ढंगले उनीहरुको खाद्य सुरक्षा गर्नेमा केन्द्रित छ । जुन सम्भव छैन् ।

कृषि क्षेत्रको विकासमा आवश्यक ध्यान नपुग्दा खाद्य असुरक्षा बढिरहेको छ । बहुसंख्यक जनता कृषिमा आश्रित भए पनि नीति, कार्यक्रम र

बजेटमा कृषि क्षेत्र नै उपेक्षित छ। पछिल्लो दशकमा कृषि क्षेत्रको विकासको लागि छुट्टाइएको बजेट कटौती गरिएको छ। जुन कृषि क्षेत्रको विकास गरेर गरिबी निवारण गर्ने सरकारको आफ्नै रणनीतिसँग मेल खान्न।

भोक हटाउन, खाद्य अधिकारसम्बन्धी राष्ट्रिय नीति र सोको कार्यान्वयन गर्ने निकाय किटानी गरिनु आवश्यक छ। भूमिलाई कृषि श्रमिक र वास्तविक किसानको हातमा पुग्ने खालको भूमिसुधार जरुरी छ। तुरुन्त भूउपयोगको नीति ल्याई कम्तीमा खेतियोग्य जग्गामा घर बनाउन र उद्योग स्थापना गर्न रोक लगाउनुपर्दछ। संरक्षित क्षेत्र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्षण र पूर्वाधार विकास जस्तै बाँध आदिबाट विस्थापित समूह र समुदायलाई क्षतीपूर्ति प्रदान गर्नुको साथै उपयुक्त बास, खेती गर्ने जग्गा र उपयुक्त रोजगारी दिनुपर्दछ। बँधुवा मजदुरहरूका लागि पुनः बसोबासको कार्यक्रम प्रदान गर्नुका साथै खेतीपातीको लागि उर्वराभूमिको व्यवस्था गरिनुपर्दछ। मोहीयानी हक र खेर गइरहेको चौथाई बाँझो जग्गालाई उपयोग गरिनुपर्दछ। कामको न्यूनतम पारिश्रमिक तोकी लागू गर्नुका साथै ज्यालामा भएको महिला र पुरुषबीचको असमानतालाई पूर्णतः अन्त गर्नुपर्दछ।

नेपालमा अझै पनि जमिनमा कहिल्यै पाइला नटेक्ने तर जमिनको ठूलो हिस्सा ओगटेर बस्ने भूमिपति प्रशस्त छन्। अन्यायपूर्ण भूमि सम्बन्ध र घट्दो कृषि उत्पादनको एउटा मुख्य कारण अनुपस्थित जमिनदारी हो। त्यसैले भूमिसुधारले यस्तो अवस्थालाई क्षतिपूर्तिविना उन्मूलन गर्नुपर्छ। २०२१ सालको भूमिसुधार लागू भएयता वास्तविक जोताहालाई मोहियानी हक दिन नपरोस् भनेर जमिन बाँझो राख्ने स्थितिको अन्त्यका लागि जमिन बाँझो राख्ने कार्यमाथि प्रतिबन्ध लगाउनुपर्छ।

## आवश्यकता एकातिर, लगानी अर्कोतिर

गाउँका धेरैजसो मानीसहरू खेतीपाती र पशुपालनको काम गर्छन। तर गाविसमा आउने बजेटको कृषिमा लगानी शून्यकै अवस्थामा छ। गाविसको बजेट भौतिक संरचना जसको कुनै दीर्घकालीन सोचाइ छैन र स्थानीय मानिससँग भइरहेको सीपको विषयमा विचार नै नगरी सिलाईबुनाइका तालिम दिने काममा उपयोग भइरहेको छ।

स्थानीय निकायमा बाटो, चर्पी, विद्युत आदिसँग सम्बन्धित सूचना जति सजिलै पाउन सकिन्छ। भूमि र कृषिसँग सम्बन्धित सूचनाहरु पाउन सकिँदैन। सायद अधिक गाविसलाई आफ्नो गाविसमा भएका खेतीयोग्य जग्गाको विवरण जानकारीमा छैन। यस विषयमा लगत राख्ने, खाद्यान्न आयात या निर्यातको अवस्था बुझ्ने, भूउपयोगको योजना बनाउने, उत्पादन बढाएर गाविस धनी बनाउने सोच खै ? गाविसका सचिव चर्पीको लगत लिन सजिलै तयार हुन्छन् तर कसको जग्गा कसले कमाइरहेको छ ?

भूमिहीन कति छन् ? जमिनदार कति छन् ? त्यसको लगत लिने जिम्मेवारी लिन चाहँदैनन्।

राजनीतिक दलहरु सत्ताकेन्द्रित छन् र भूमिका सम्बन्धमा परिवर्तन विरोधी काममा नै छन्। भूमि, कृषि र खाद्य अधिकार उनीहरूको प्राथमिकतामा छैन। ठेक्कापट्टा, स्रोत (वन, गाविस) बाँडफाँड र संगठनतिर प्रतिनिधित्वका लागि मरिहत्ते गरिरहेका देखिन्छन्। गाउँको बाँझो जग्गालाई कसरी उपयोग गर्ने ? सुकुम्वासी समस्यालाई कसरी हल गर्ने ? यस विषयमा छलफल हुँदैन। हामीले प्राथमिकता दिनुपर्ने सवालमा दिएका छैनौं र दिनुनपर्ने सवाललाई प्राथमिकता दिइरहेका छौं।

हाम्रो विकासको जिम्मा लिएर बसेका निकाय केवल भौतिक संरचना निर्माणमा मात्र लागेका छन् । उनीहरूलाई आफ्नो सीमाना भित्रको भूमि, यसको अवस्था र उपयोगका विषयमा कुनै मतलब छैन । यस अवस्थाले हामीलाई कहिल्यै आत्मनिर्भर बनाउन सक्दैन । हामीलाई कुन उत्पादन कति चाहिने हो ? धान कति चाहिने हो ? गहुँ कति चाहिने हो ? फलफूल कति चाहिने हो ? तरकारी कति चाहिने हो ? सबको हिसाब गरेर उत्पादन क्षेत्र किटानी गरेर जान ढिला भइसक्यो ।

## खेतीपातीका लागि भूमिको स्वामित्व

खेतीपातीका लागि स्वामित्वले महत्वपूर्ण प्रभाव पर्दछ । कमाइरहेको जग्गामा कहिलेसम्म जोतभोग गर्न पाउने हो भन्ने निश्चितता नभएकाले दीगो हिसाबले लगानी गर्न चाँहदैनन् । कागजी जग्गाधनीलाई उत्पादनको हिस्सा बुझाउनुपर्ने भएकाले आफूले इच्छा गरेअनुरूप मन लगाएर खेतीपाती गर्न कठिन पर्छ ।

कृषिमा आधारित नेपाली समाजमा कृषि क्षेत्रको विकास अवश्य चाहिन्छ । यस विषयलाई उपेक्षा गर्न हुन्न । तर भूमिको वर्तमान अन्यायपूर्ण अवस्थालाई जस्ताको तस्तै राखी गरिने कृषिसुधारले कृषिको मूल समस्यालाई दीर्घकालीन हिसाबले समाधान गर्न सम्भव नै छैन । कृषि क्षेत्रको अहिलेको न्यून लगानीले भूमिअधिकारबाट वञ्चित र साना किसानलाई फाइदा पुगेको छैन । एकोहोरो कृषिसुधारको कामले धनी र गरिब बीचको खाडललाई अझै गहिराउँछ । अन्याय र उत्पीडनलाई बढाउँछ ।

कृषिसुधार गर्नुपर्छ भन्ने विषयमा मानिसहरू जति सकरात्मक र जागरूक हुन्छन् तर भूमिसुधारका विरोधीको संख्या ठूलो छ । निर्णायक तहमा मूलतः जग्गा भएकै वर्ग रहेको र जग्गाबाट हाल प्राप्त गरिरहेको सहज उपभोगको अवस्थालाई गुमाउन नचाहने वर्गको बोलवाला भएका कारण यसो भएको हुनुपर्दछ । जग्गामा आफैं श्रम नगर्नेले पनि जग्गा राख्न पाउने वर्तमान व्यवस्थाका कारण पनि यो समस्या बढ्दो छ ।

जसले खेती गर्छ उसले मात्र खेतीयोग्य जग्गा राख्न पाउने पद्धती बसाल्ने हो भने भूमि, कृषि र गरिबी निवारणका अनेकन समस्या सल्टन्छन् । जसले उत्पादन गर्ने हो, उसैको जग्गा हुने भए कसैको घरमा घुन लागेर बस्ने र कोहीले खान नपाउने स्थितिको अन्त्य हुन्छ । अहिलेको अवस्था समस्या उत्पादनमा मात्र हैन, समुचित वितरणमा पनि हो । आफ्नै जग्गा कृषिकर्ममा लाग्नेको हातमा भएपछि लगानी र उत्प्रेरणा स्वाभाविक रूपमा बढ्छ ।

उत्पादन गरेको खाद्यान्नलाई उत्पादन गर्ने किसानले आफैं उपभोग गर्न पाउँछ । बसीखाने मान्छेलाई बुझाउनु पर्दैन । अहिले आधा उत्पादन उब्जाउनेले खान पाएको छैन । अहिलेको खेतीपाती प्रक्रियामा आमूल तर दिगो रूपान्तरण आवश्यक छ । व्यावसायिकताको विषय पनि यही स्वामित्वको प्रश्नसँग गाँसिएको छ ।

भूमिको उपलब्धता माया र निगाहाको विषय हैन । खेती नगर्ने र नचाहने व्यक्ति र परिवारलाई सुकुम्वासी नै हो भने पनि जग्गा उपलब्ध गराउनु आवश्यक छैन । अहिलेको टुक्रा घडेरी र हैसियत बिग्रेको जमिन हैसियत नभएकालाई दिने प्रक्रियाले समस्यालाई अझै बल्झाउने काम गरिरहेको छ ।

भूमिसुधार र कृषिसुधारका काम छुट्टाछुट्टै निकायका भएकाले जोडिन सकेका छैनन् । यी दुई निकायबीच फिटिक्कै समन्वय नभइरहेको अवस्था छ । यसले अहिलेको उत्पादनमा अतुलनिय प्रभाव पार्छ ।

भूमिलाई आर्थिक सम्पतिका रूपमा लिई यसबाट लाभ लिनेका लागि यसको मूल्य बढ्ने हुनाले खेती नगर्ने तर भूमि राखिरहने प्रवृत्ति एकातिर छ भने अर्कोतर्फ अनुपस्थित जग्गाधनी र मोहियानी तथा ठेकेदारी खेती प्रणाली प्रचलनमा छ। श्रम गर्ने किसानको आर्थिक विपन्नताका कारण उनीहरूसँग भूमिमा पर्याप्त लगानी गर्न समुचित पुँजी र प्रविधिको उपयोग गर्ने सक्ने अवस्था छैन। कमाइरहेको जग्गा उनीहरूको आफ्नो स्वामित्वमा नभएकोले अर्काको जग्गामा लगानी गर्ने व्यावहारिक अवस्था पनि छैन। यसै गरी धेरैजसो ठूला जग्गाधनीहरूको पहिलो पेसा खेती नभई उनीहरू अन्य पेसा व्यवसायमा संलग्न भएकाले जग्गामा उचित लगानी गर्ने वातावरण बनिरहेको छैन। यसले भूमिबाट प्राप्त हुनसक्ने अधिकतम उत्पादन र उत्पादकत्वको लाभ लिन सक्ने स्थिति देखिँदैन।

प्रत्येक किसान परिवारको न्यूनतम जग्गामाथि स्वामित्व प्राप्त हुनु आवश्यक छ। यो स्वामित्वले एउटा सामाजिक सुरक्षाको आवश्यकता पूरा गर्न र उनीहरूको गरिबी घटाउन सहयोग पुग्दछ। यस्तो व्यवस्थाले उनीहरूलाई थप आम्दानीका अवसर प्रदान गर्न समेत सहयोग पुर्‍याउँदछ। कृषि उत्पादन वृद्धिले विभिन्न आर्थिक क्रियाकलाप वृद्धि गर्न सहयोग पुर्‍याउछ। वैज्ञानिक भूमिसुधारले खाद्य वा जडीबुटी प्रशोधन र साना कृषि उद्योगको विकास गर्ने तथा सेवाप्रदायक व्यवसायीहरूलाई प्राप्त हुने अवसरहरूले उद्यमशीलता र व्यावसायिकतामा अभिवृद्धि गर्ने र यसबाट आर्थिक सामाजिक रुपबाट पछाडी परेका गरिव तथा सीमान्तकृत परिवारलाई रोजगारीको अवसर सृजना गर्न समेत सहयोग पुर्‍याउछ।

## अन्त्यमा

भूमिसुधारका विषयमा व्यापक छलफल चलाउने, बहस गर्ने, विकल्पहरू अगाडि ल्याउने र ठोस नीतिगत व्यवस्था र त्यसको व्यवहारमा अभ्यास गर्ने समय हो यो। भूमिसुधारमा जमिनको पुनःवितरण मूल मुद्दा हो तर यसलाई मात्र हेरेर यो पूर्ण हुँदैन। यसको साथमा भूमिविकास, भूउपयोग र कृषिसुधारका कुरा पनि जोडिएर आउँछन्।

नेपालमा भूमिसुधारको प्रश्न लामो समयदेखि उठाउँदै आइएको छ। तर हालसम्म पनि सही रूपमा सम्बोधन हुन सकेको छैन। यो विषय अहिले पनि नेपालको अर्थराजनीतिक बहसको केन्द्रबिन्दुमा छ। यस ऐतिहासिक कालखण्डमा नेपाली समाजमा हाल चलिरहेको बहसमध्ये नेपालमा भूमि तथा कृषि सुधार कार्यक्रम लागू हुनुपर्छ भन्ने कुरामा सैद्धान्तिक रूपमा सबैको एक मत देखिन्छ। तर यसको बुझाइ, दृष्टिकोण तथा मोडालिटीमा एकरूपता देखिँदैन। जसको परिणामस्वरुप भूमि तथा कृषि सुधार कार्यक्रम लागू हुन सकेको छैन। यी दुवैलाई छोडेर नयाँ फड्को मार्न आवश्यक छ।

**जमिनको अन्यायपूर्ण वितरण र पछौटे कृषिप्रणाली नेपालको प्रमुख भूमि समस्या हो। नेपालका गरिब जनताको जीवनस्तर माथि उठाउन भूमिसुधारमार्फत भूस्वामित्वमा रहेका अन्यायपूर्ण स्थिति, रहेबचेको सामन्ती भूस्वामित्व र पछौटे कृषिप्रणालीलाई समाप्त पार्नु आवश्यक छ। जमिन ओगटेर बस्ने तर त्यसमा पाइला नै नटेक्ने जमिनदार वर्गबाट जमिन खेतीपातीको काममा संलग्न किसानको हातमा पर्नेगरी भूमिको पुनःवितरण जरुरी छ।**

जमिनको अन्यायपूर्ण वितरण र पछौटे कृषिप्रणाली नेपालको प्रमुख भूमि समस्या हो। नेपालका गरिब जनताको जीवनस्तर माथि उठाउन भूमिसुधारमार्फत भूस्वामित्वमा रहेका अन्यायपूर्ण स्थिति, रहेबचेको सामन्ती भूस्वामित्व र पछौटे कृषिप्रणालीलाई समाप्त पार्नु आवश्यक छ। जमिन ओगटेर बस्ने तर त्यसमा पाइला नै नटेक्ने जमिनदार वर्गबाट जमिन खेतीपातीको काममा संलग्न किसानको हातमा पर्नेगरी भूमिको पुनःवितरण जरुरी छ।

नेपाली समाजको प्रमुख जीविकाको आधार कृषि नै हो र यसमा राज्यको लगानी अत्यन्त न्यून छ। बढ्दो जनसंख्या, वसाइँसराइ र खाद्यसंकटलाई सम्बोधन गर्न राज्यले हाल गरिरहेको प्रयास अपर्याप्त छ। वर्तमान निर्वाहमुखी खेतीप्रणालीलाई रूपान्तरण गरी व्यवसायीकरण र कृषिजन्य उद्योगको विकास र विस्तार गरेर मात्र कृषि उत्पादकत्व वृद्धि गरी रोजगारीको अवसर सिर्जना र खाद्यान्नमा आत्मनिर्भर हुन तथा समग्र आर्थिक तथा सामाजिक विकासमा योगदान पुर्‍याउन सकिन्छ। तर यसका लागि भूमिसुधारको मुद्दालाई पनि सल्टाउन आवश्यक छ।

## सन्दर्भ सामाग्री


उच्चस्तरीय भूमिसुधार आयोगको प्रतिवेदन (२०५१) : उच्चस्तरीय भूमिसुधार आयोग

वैज्ञानिक भूमिसुधारसम्बन्धी उच्चस्तरीय आयोगको प्रतिवेदन, २०६७

नेपालको भूमिसम्बन्धी तथ्याङ्क (२०६३) : नेपाल विकास अध्ययन संस्थान, काठमाडौं

डा. विष्णुराज उप्रेती, डा. सागर शर्मा, जगत बस्नेत (२०६६) : नेपालमा भूमिराजनीति र द्वन्द्व, ग्रामीण रूपान्तरणका यथार्थ र सम्भावनाहरू (नेपाली अनुवाद), एनसिसिआर नर्थ-साउथ, सिएसआरसी, एचएनआरसी, काठमाडौं विश्वविद्यालय

राष्ट्रिय कृषि गणना (२०५८) : केन्द्रीय तथ्याङ्क विभाग

Human Develpment Report Nepal (2004) : UNDP, Kathmandu

Land and Land Tenure Security in Nepal (2009), Community Self Reliance Center, Land Watch Asia, ANGOC

Population Census (2001). National Report. Central Bureau of Statistics, 2002

Wily, Liz with Devendra Chapagain and Shiva Sharma (2009): Land Reform in Nepal, DFID,Kathmandu


●●●